# वस्तु विनिमय बजार सञ्चालन गर्न कम्पनी संस्थापना गर्न पूर्व स्वीकृतिका लागि बोर्डमा निवेदन दिने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७९।०६।०२**

वस्तु उत्पादकलाई बजारसम्म पहुँच पुऱ्याउन, वस्तुको मूल्य आविष्कारमा सघाउन र मूल्य स्थिरता कायम गर्न, लगानीकर्ताहरूलाई लगानीको वैकल्पिक उपकरण प्रदान गर्ने लगायतका उद्देश्यले लगानीकर्ता मैत्री, प्रतिस्पर्धात्मक एवं अन्तार्राष्ट्रियस्तरको प्रविधि र क्षमतायुक्त वस्तु विनिमय बजार सञ्चालन गर्न आवश्यक भएको हुँदा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र सो अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधिनमा रही वस्तु विनिमय बजार सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम सीमित दायित्वको संगठित संस्था संस्थापना गर्न चाहनेले त्यस्तो संस्था संस्थापना गर्नु अघि बोर्डबाट पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था रहेको सन्दर्भमा बोर्डले मुलुकको अर्थतन्त्र, औद्योगिक व्यवसायको विकास, वस्तु कारोबारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षण समेतलाई दृष्टिगत गरी हाललाई दुईवटा वस्तु विनिमय बजार सञ्चालन गर्न त्यस्तो संस्था संस्थापना गर्न चाहनेलाई पूर्व स्वीकृति दिन लागेको हुँदा सो प्रयोजनको लागि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४, वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ र वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ बमोजिम देहायको सर्तहरूको अधिनमा रही निवेदन पेस गर्न इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरूः**

१) वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र सो अन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानूनको अधिनमा रही वस्तु विनिमय बजार सञ्चालन गर्न वस्तु विनिमय बजार सम्बन्धी ऐन, नियमावली तथा निर्देशिका बमोजिम योग्यता पुगेका इच्छुक संस्थाले यो सूचना प्रकाशित मितिले पैंतालिस (४५) दिन भित्र वस्तु विनिमय बजार सञ्चालन गर्ने संगठित संस्था संस्थापना गर्न पूर्व स्वीकृतिका लागि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४, वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ र वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ मा तोकिए बमोजिम निवेदन, निवेदन दस्तुर, विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन पेस गर्नुपर्नेछ। निवेदन दर्ता गर्ने अन्तिम दिन कुनै कारणवश कार्यालय बन्द भएमा लगतै कार्यालय खुलेको दिन निवेदन बुझाउन सकिनेछ।

२) निवेदन पेस गर्दा निवेदकको नाम, ठेगाना स्पष्ट खुल्ने गरी नेपाल धितोपत्र बोर्डलाई सम्बोधन गरी, वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४, वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ र वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ मा तोकिएका कागजात तथा विवरणहरू एवं सिलबन्दी गरिएको २ प्रति व्यवसायिक योजना समावेश गरी निवेदन पेस गर्नुपर्नेछ।

३) यसअघि बोर्ड समक्ष वस्तु विनिमय बजार संस्थापना गर्न पूर्व स्वीकृतिका लागि निवेदन पेस गरेकाहरूले समेत "वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८" को व्यवस्था बमोजिम अद्यावधिक विवरण तथा कागजातहरू सहित पुनः निवेदन पेस गर्नुपर्नेछ (पुनः निवेदन दस्तुर नलाग्ने)। तोकिएको समय भित्र पुनः निवेदन पेस नगर्ने निवेदकहरूको यस अघिको निवेदन स्वतः रद्द हुनेछ।

४) निवेदकले पेस गरेको निवेदन उपर बोर्डले मूल्याङ्कन गरी योग्यताक्रमका आधारमा हाललाई दुई निवेदकलाई छनौट गरी वस्तु विनिमय बजार सञ्चालन गर्न प्रचलित कानून बमोजिम कम्पनी दर्ताका लागि पूर्व स्वीकृति प्रदान गरिनेछ।

५) रीतपूर्वक दर्ता नभएका वा म्याद नाघी प्राप्त भएका वा कुनै सर्त समावेश गरी पेस भएका निवेदन उपर कुनै कारवाही हुनेछैन।

६) सूचना बमोजिम पेस हुन आएका कुनै वा सबै निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बोर्डमा सुरक्षित रहनेछ।

७) वस्तु विनिमय बजार सञ्चालनका लागि संगठित संस्था संस्थापना गर्न पूर्व स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य सर्तहरू वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४, वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ र वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ मा उल्लेख भए बमोजिम हुनेछ।

**नेपाल धितोपत्र बोर्ड**

**खुमलटार, ललितपुर**

**फोन नं. ०१-५५५०५११/१२ / वेबसाइट : www.sebon.gov.np**